# स्थानीय राजपत्र

खाँडादेवी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड १) माकादुम, रामेछाप, चैत १२ गते, २०७४ साल (संख्या २२

## भाग २

## खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**<u>ब्याकहो लोडर संचालन सम्बन्धी कार्यविधि,२०७४</u>**

खाँडादेवी गाउँपालिका

खाँडादेवी गाउँपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास गर्न यस कार्यालयको
स्वामित्वमा रहेको ब्याकहो लोडर देहायका शर्त एवं बन्देजमा रही सञ्चालन तथा व्यवस्थापनका वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोमिज खाँडादेवी गाउँ कार्यपालिकाले "ब्याकहो लोडर सञ्चालन कार्यविधि, २०७४" स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "ब्याकहो लोडर सञ्चालन सम्वन्धी कार्यविधि, २०७४" रहेको छ।

(ख) यो कार्यविधि गाउँ कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखि लागु हुने छ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) "गाउँपालिका" भन्नाले खाँडादेवी गाउँपालिका सम्झनु पर्दछ।

(ग) "कार्यालय" भन्नाले खाँडादेवी गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(घ) "लोडर" भन्नाले गाउँ कार्यपालिकाको स्वामित्वमा रहेको ब्याकहो लोडर (जे.सि.बि.) लाई सम्झनु पर्दछ।

(ङ) " अध्यक्ष" भन्नाले खाँडादेवी गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खाँडादेवी गाउँपालिकाको प्रमुख

प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "शाखा प्रमुख" भन्नाले खाँडादेवी गाउँपालिकाको भवन तथा विपद् व्यवस्थापन शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "जिन्सी शाखा" भन्नाले गाउँपालिकाको जिन्सी शाखालाई सम्झनु पदर्छ ।

**३. उद्देश्यः** खाँडादेवी गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकासका योजनाहरू, स्थानीय गाउँबासी र उपभोक्ता समितिबाट सञ्चालित विकास निर्माणका कार्यहरूमा गाउँपालिकाको स्वामित्वमा रहेको लोडर प्राथमिकताका आधारमा प्रयोगमा ल्याउनको लागि आवश्यक व्यवस्थापन गर्नु कार्यविधिको प्रमुख उद्देश्य रहने छ ।

**४. सञ्चालन विधिः** गाउँपालिकाको स्वामित्वमा रहेको लोडर सञ्चालनका लागि देहायको प्रक्रिया पुरा गर्नु पर्नेछः-

(क) लोडर माग गर्ने व्यक्ति वा संस्थाले कार्यालयले स्वीकृत गरेको अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्ने छ ।

(ख) लोडर माग गर्ने व्यक्ति वा संस्थाको निवेदन उपर गाउँपालिकाको अध्यक्षबाट आदेश भएपश्चात् के कति समयका लागि माग गरिएको हो ? माग गरिएको समय बराबरको रकम सम्बन्धित योजनाको अन्तिम रकम भुक्तानीको समयमा कार्यालयले कट्टा गर्ने सर्तनामा गरी अनुसूची-२ बमोजिमको ढांचामा लोडर प्रयोग गर्न स्वीकृति दिनेछ । यस्तो स्वीकृति पत्र दिने अधिकार शाखा प्रमुखको हुनेछ ।

(ग) लोडर माग गर्ने व्यक्ति, संस्था वा उपभोक्ताले प्रयोग भएको समयको आधारमा लाग्ने शुल्क बुझाउने शर्तमा गाउँपालिकाको विकास निर्माणको कामलाई बाधा नपर्ने गरी पहिले दर्ता भएको निवेदनलाई पहिलो प्राथमिकता दिई खटाईने छ । यसका अतिरिक्त कामको प्रकृतिलाई समेत मध्यनजर गरी

खाँडादेवी गाउँपालिका

लोडर खटाउने व्यवस्था अध्यक्षसंग आवश्यक समन्वय गरी शाखा प्रमुखले मिलाउने छ ।

(घ) निवेदकले माग गरेको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा लोडर अपरेटरले तत्काल गाउँपालिकाको अध्यक्षलाई जानकारी गराई शाखा प्रमुखबाट थप कार्यादेश लिएर लोडर सञ्चालन गर्नु पर्ने छ ।

(ङ) कार्यालयको लिखित आदेश बिना कुनै स्थान विशेषमा लोडर लगि काम गर्न गराउन पाउने छैन ।

(च) लोडर प्रयोग गरे बापत प्रतिघण्टा वा दिनको शुल्क निर्धारण गरि तोकिए वमोजिम हुनेछ।

(छ) मेशिन खटी गएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भएपश्चात् मेशिन अपरेटरले कामको विवरणसहित मिटरको अद्यावधिक अभिलेख अनुसूची-३ बमोजिमको ढांचामा (लगबुक) शाखा प्रमुख समक्ष पेश गरी प्रमाणित गराई राख्नु पर्नेछ ।

(ज) अभिलेख अद्यावधिकका लागि कार्यालयबाट आवश्यक फारामहरूको व्यवस्था गरिने छ ।

(झ) कार्यालयबाट सोझै गरिने कामको समेत विवरण अद्यावधिक गरी लगत खडा गर्ने कर्तव्य शाखा प्रमुखको हुनेछ ।

**५. इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था :**

(क) मेसिन प्रयोग गर्दा आवश्यक पर्ने इन्धन प्रयोगकर्ता स्वयम्ले व्यवस्था गर्नु पर्नेछ ।

(ख) लुब्रिकेन्टस र मर्मतसम्बन्धी सम्पूर्ण कार्यको विस्तृत विवरण



खाँडादेवी गाउँपालिका

कार्यालयको जिन्सी शाखाले अद्यावधिक गर्नुपर्ने छ ।

(ग) लोडर बिग्रिएमा सोको लिखित जानकारी लोडर अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ। कार्यालयबाट लोडर मर्मत गर्नुपर्ने अवस्था देखिएमा मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण
सहित अनुसूची -४ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भए बमोजिम मर्मत गराउनु पर्नेछ ।

६.**ब्याक-हो लोडरसञ्चालन शुल्क :**
कुनै व्यक्ति वा सङ्घसंस्थाबाट ब्याक-हो लोडरमाग भै आएमा देहाय बमोजिमको शुल्क नगदै वा तोकिएको बैंक खातामा अग्रिम बुझाउनु पर्नेछ ।

| **सि. नं.** | **कामको प्रकार** | **इन्धन लगायत अन्य खर्च सहित** | **इन्धन बाहेक अन्य खर्च सहित** |
|---|---|---|---|
| १ | खाँडादेवी गाउँपालिका क्षेत्रभित्र गाउँपालिका आफ्नै लगानीमा उपभोक्ता समिती मार्फत सञ्चालित योजनाहरु | रु. २,०००/- प्रति घण्टा | रु. १,०००/- प्रति घण्टा |
| २ | खाडाँदेवी क्षेत्तभित्र अन्य निकाय तथा ठेक्कापट्टामार्फत सञ्चालित योजना | रु. २,२००/- प्रति घण्टा | रु. १,२००/- प्रति घण्टा |

खाँडादेवी गाउँपालिका

| | | | |
|---|---|---|---|
| ३ | खाँडादेवी गाउँपालिका क्षेत्र भन्दा बाहिर अन्य छिमेकी नगरपालिका वा गाउँपालिका क्षेत्र भित्र भएको योजनाहरु | रु. २,५००/- प्रति घण्टा | रु. १,५००/- प्रति घण्टा |

***अपरेटर र सहयोगी कर्मचारीलाई खाजा खाना तथा वास बस्नु परेमा बसोबासको लागी व्यबस्था सम्बन्धी प्रयोगकर्ताको दाहित्व रहने छ।***

**७.कर्मचारी व्यवस्था :**

(क) लोडर सञ्चालनका लागि आवश्यक पर्ने अपरेटर आवश्यक प्रक्रिया पुरा गरी सेवा करारमा लिन सकिनेछ।

(ख) लोडर अपरेटरले शाखा प्रमुखले दिएको कार्यविवरण र निर्देशन विपरित काम गरी कार्यालयलाई हानी नोक्सानी हुन गएमा तत्काल एकतर्फी करार भङ्ग गरी क्षतिपूर्ति असुल उपर गर्नुपर्ने भए सो समेत गरिने छ।

**८. लोडर सञ्चालन समितिः**

लोडरलाई सञ्चालन तथा व्यवस्थापनको लागि तपसिल बमोजिमको एक समिति रहने छः-

(क) गाउँपालिकाको अध्यक्ष -संयोजक
(ख) कार्यपालिकाले आफु मध्येबाट छनौट गरेको दुई जना सदस्य -सदस्य
(ग) प्रमुख, जिन्सी शाखा -सदस्य
(घ) प्रमुख, भवन तथा विपद् व्यवस्थापन शाखा -सदस्य-सचिव

## ९. विविधः

(क) लोडरको माईल मिटर लगायतका आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटरको हुनेछ ।

(ख) लोडर कार्यालयको पूर्ण नियन्त्रणमा रहनेछ । शाखा प्रमुखले लोडर चुस्त दुरुस्त राखी
सोको विवरण अध्यावधिक राख्न ध्यान दिनु पर्ने छ ।

(ग) गाउँपालिकाको अध्यक्षसँग शाखा प्रमुखले आवश्यक समन्वय गरी लोडर खटाउने सम्बन्धमा निर्णय गर्नुपर्ने छ ।

(घ) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

खाँडादेवी गाउँपालिका

## अनुसूची-१

### व्याकहो लोडर माग सम्बन्धी निवेदन

(ब्याकहो लोडर संचालन सम्बन्धी कार्यविधि, २०७४ को दफा ४ क सँग सम्बन्धित)

श्रीमान अध्यक्षज्यू,
खाँडादेवी गाउँ कार्यपालिकाको कार्यालय,
माकादुम, रामेछाप ।

**विषय : व्याकहो लोडर उपलब्ध गराई पाउँ ।**

महोदय,

यस कार्यालयको व्याकहो लोडर आवश्यक परेकोले देहायको विवरण भरी माग गरेको छु /छौं । नियमानुसार लाग्ने शुल्क लिई ब्याकहो लोडर उपलब्ध गराई पाँउ ।

**व्याकहो लोडर माग गर्नेले भर्ने**

| व्याकहो लोडर माग गर्ने व्यक्ति/संस्था /उपभोक्ता समितिको नाम, ठेगाना | कामको विवरण | व्याकहो लोडर प्रयोग हुने स्थान | अनुमानित समय | कैफियत |
|---|---|---|---|---|
| | | | | |

..................................

माग गर्नेको दस्तखत

खाँडादेवी गाउँपालिका

# अनुसूची -२

## लोडर संचालन सम्बन्धी स्वीकृति पत्र

(लोडर संचालन सम्बन्धी कार्यविधि, २०७४ को दफा ४ ख बमोजिम)

(गाउँ कार्यपालिकाको कार्यालयको तर्फबाट भर्ने )

| लोडर माग कर्ताको नाम, ठेगाना | गा.पा. बाट खटिने स्थानसम्म लाग्ने अनुमानित समय | माग गरिएको दिन र समय | अनुमानित समयको शुल्क |
|---|---|---|---|
| | | | |

..........................

भवन तथा विपद व्यवस्थापन शाखा

राजस्व शाखाले भर्ने :

| रसिद नं. र मिति | जम्मा गरिएको रकम | रकम वुझ्नेको दस्तखत |
|---|---|---|
| | | |

खाँडादेवी गाउँपालिका

## अनुसूची ३

## ब्याकहो लोडर सञ्चालन लकबुक

(लोडर संचालन सम्बन्धी कार्यविधि, २०७४ को दफा ४ (छ) सँग सम्बन्धित)

खाँडादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
माकादुम, रामेछाप

## ब्याकहो लोडर सञ्चालन लकबुक

सवारी साधन नं............ चालकको नाम थर.............

| सि. नं. | मिति | कामको विवरण | अन्तिम अंक (घण्टा मिनेट) | जम्मा घण्टा मिनेट | इन्धन खर्च (अनुमानित) | अन्य खर्च | चालकको हस्ताक्षर | उ. स. वाट वा प्रयोगकर्ता बाट प्रमाणित गर्नेको नाम र हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | |

सिफारिस गर्ने — इन्जिनियर

रुजु गर्ने — लेखा अधिकृत

प्रमाणित गर्ने — प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची -४

## व्याकहो लोडर मर्मतसम्बन्धी निवेदन

(लोडर संचालन सम्बन्धी कार्यविधि, २०७४ को दफा ५ सँग सम्बन्धित)

मिति :

श्रीमान् अध्यक्षज्यू,
खाँडादेवी गाउँ कार्यपालिकाको कार्यालय,
माकादुम, रामेछाप ।

**विषय : व्याकहो लोडर मर्मत सम्बन्धमा ।**

महोदय,

यस खाँडादेवी गाउँ कार्यपालिकाको .................. नं.को व्याकहो लोडरको तपशिल बमोजिमको पार्टस्मा खराबी आई सञ्चालनमा बाधा परेकोले चेकजाँच गराई मर्मतको व्यवस्था मिलाई दिनुहुन यो निवेदन गर्दछु । श्रीमान्को जो आदेश ।

**तपशिल**

| समस्याआएको सामान वा पार्टसको विवरण | परिमाण | सामान फेर्नुपर्ने वा मर्मत गर्नुपर्ने | अनुमानित लागत रु. |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

मेशिन अपरेटरको दस्तखत :

...........................



खाँडादेवी गाउँपालिका

इन्जिनियरले भर्ने :

नाम :

उपरोक्त सामान फेर्नु पर्ने र मर्मत गर्नुपर्ने देखिएकाले सिफारिस गर्दछु ।

.........................

.......................

प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७४।१२।०५**
**प्रमाणीकरण मितिः २०७४।१२।१२**

**आज्ञाले,**
**विष्णु प्रसाद सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**

खाँडादेवी गाउँपालिका